वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ५६ २०८३ असार ०३ गते बुधबार, नेपाल सम्वत् ११४६ June 17, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'

भञ्ज्याङ bhanjyangnews.com

भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी

सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत

"विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

बेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.

दमौली, तनहुँ । फोन : ०६५-५६३९०७

Email : bhanjyangdml@gmail.com

विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह



## व्यवसायीक रूपमा मेवा खेती

गोरखाको पालुङ्टार नगरपालिका-७ का कृषक रमेश श्रेष्ठले करिब २० रोपनी क्षेत्रफलमा व्यवसायीक रूपमा गरेको मेवा खेती । कृषक श्रेष्ठले पहाडी क्षेत्रमा व्यावसायिक रूपमा 'रेड लेडी' जातको मेवा खेती गरेर नयाँ सम्भावनाको ढोका खोलेका छन् । सामान्यतया मेवा खेती तराई क्षेत्रमा मात्र राम्रो हुने भन्ने धारणा रहेको अवस्थामा उनले पहाडी भूगोलमै आधुनिक प्रविधिसहित सफल खेती गरेर उदाहरण प्रस्तुत गरेका छन् ।

प्लास्टिक मल्चिङ प्रविधि अपनाई व्यवस्थित रूपमा रोपिएको मेवाखेतीमा बिरूवाको कृषि विकास कार्यालय गोरखाका वरिष्ठ कृषि विकास अधिकृत कुल प्रसाद तिवारीले स्थलगत अवलोकन गरी आवश्यक परामर्श दिएका थिए । उनका अनुसार 'रेड लेडी' मेवा हाइब्रिड जातको मेवा हो । यो जातका बिरूवाले रोपेको छोटो समयमै फल दिन सुरू गर्ने, एउटै बोटमा धेरै फल लाग्ने र बजारमा राम्रो मूल्य पाउने विशेषता बोकेको मानिन्छ । व्यावसायिक उत्पादन र आम्दानीका दृष्टिले यो जात किसानमाझ आकर्षक बन्दै गएको छ । पहाडी तथा मध्यपहाडी क्षेत्रमा समेत मेवा खेती सफल हुन सक्ने विश्वासका साथ व्यावसायीक खेती विस्तार गरेका कृषक श्रेष्ठले उचित व्यवस्थापन, सिँचाइ र पोषण उपलब्ध गराउन सके पहाडी हावापानीमा पनि मेवाको राम्रो उत्पादन लिन सकिने अनुभव सुनाएका छन् । करिब ४ लाख रूपैयाँको लागतमा गरिएको मेवा खेतीबाट २० लाख रूपैयाँसम्म आम्दनी लिन सक्ने लक्ष्य कृषक श्रेष्ठको रहेको छ ।

*तस्विर : भञ्ज्याङ*

# जनताको जीवन फेर्ने कालीगण्डकी करिडोर

**सुवास पण्डित**/चितवन

कतै गहिरो खोँच, कतै नागबेली अनि कतै फिजारिएर बग्ने, कालीगण्डकी नदी । कहीँ नाकै अगाडि अग्ला अनकन्टार डाँडा, कतै घर पछाडि पनि उस्तै अग्ला डाँडा । कयौं ठाउँमा सञ्चारको असुविधा । बिरामी पर्दा औषधि र उपचार नपाई कतिपयले ज्यान फाल्नुपर्ने अवस्थारू...।

१२ वर्ष अगाडिसम्म कालीगण्डकी नदी किनार र आसपास घर भएका सयौं बस्तीहरूको साझा कथा थियो, यो । तर, आज त्यस भेगका जनताको जीवन नै बदलिएको छ, कालीगण्डकी करिडोरले।

गैँडाकोट हुँदै कालीगण्डकीसँग लुकामारी गर्दै बनेको कालीगण्डकी करिडोरले यस भेगका झण्डै १२ लाख मानिसको जीवनमा परिवर्तन ल्याएको छ । कालीगण्डकी करिडोर बुलिङटार गाउँपालिकामा मात्रै झण्डै ४५ किलोमिटर पर्दछ । ६ वटा वडा रहेको बुलिङ्टारका वडा नं. ५ बाहेक सबै वडालाई यो करिडोरले छुन्छ ।

सडकको ट्याक खोलेर कालोपत्रे भएपछि कहालीलाग्दो जीवनले चोला फेरेको सम्झन्छन्, बुलिङ्टार-१ ढाडबेसीका दिलबहादुर माकिम मगर । अगाडि कालीगण्डकी, पछाडि पहाडको खोँचमा अन्धकारको जीवन कटाइरहेका दिलबहादुरलाई पछिल्ला केही वर्षदेखि आफू जन्मिएको ठाउँ नै नयाँ लागिरहेको छ ।

'घर अगाडिबाट बसहरू चल्छन् । हामीलाई बस हेर्न पनि गैँडाकोट झर्नुपर्दथ्यो, २/३ दिन हिंडेर जानुपर्दथ्यो, अहिले २ घण्टामा पुगिन्छ, सडक बनेकै कारण बिजुली आयो, खानेपानीका आयोजना बन्न थाले, विद्यालयहरू राम्रा भए, स्वास्थ्य चौकीहरू बने,' दिलबहादुर दिलैबाट खुसी हुँदै मगर भाषामा भन्छन्, 'जाटुम काङ्कु दुःख धेरै कम जाटा (यसले हाम्रो दुःख धेरै कम गऱ्यो) ।'

कावासोती बजार गएर फर्किन नसकेर उतै बास बस्नुपर्ने निकट विगत यहाँका बासिन्दाले अझै बिर्सिएका छैनन् । तर, अहिले बिहान बस चढेर गएर साँझ घरमा फर्किन सकिन्छ ।




विगतमा गाउँमा हुने अर्गानिक कृषि उत्पादनले बजार पाउन मुस्किल थियो । अहिले गाउँमा केरा, बोडी, मास, तोरी, तरूल, अदुवा, अम्रिसो, पिडालु, बाख्रापाठा, सुँगुर बजारसम्म लैजान निकै सहज भएको छ ।

स्थानीय उत्पादनले बजार पाउँदा आयआर्जन पनि भएको सुनाउँछन्, दिलबहादुर । घर अगाडि नै सडक आएपछि उनले खाजा खाने सानो कटेज बनाएका छन् । स्थानीय कुखुराको मासुसहित खाजा, खाना खुवाउँछन् ।

करिडोरको बाटो भएर साना जिप, बसहरु चल्न थालेपछि आसपासका क्षेत्रमा साना र ठूला लगानीमा कलेज तथा होटलहरू खुल्ने क्रम सुरू भएको छ ।

करिडोरसम्म जोड्न गाउँपालिकाले लिंक सडकहरू ढलान गरेको कारण स्थानीय उत्पादनहरू करिडोरसम्म ल्याएर बेच्न पनि सहज भएको छ ।

बुलिङटार वडा नं. ६ का बलराम पाठकले पहिले सानो लगानीमा चलाएको 'विपी होटल'लाई अहिले विस्तार गरेका छन् । आवासीय कोठाहरूसहितको होटल बनाएको बलरामले सुनाए। करिडोरको बाटो भएर हिंड्ने यात्रुलाई लक्षित गरेर लगानी थपेको उनको भनाइ छ ।

करिडोरमै सुविधा सम्पन्न होटलहरूसमेत खुल्न थालेका छन्। सडक कालोपत्रे भएपछि बुलिङटार-३ मा लाखौंको लगानीमा सुविधा सम्पन्न 'होटल करिडोर इन' खुलेको छ ।

होटल सञ्चालक शर्मिला पौडेलले बुलिङटार आउने र करिडोरको बाटो भएर हिंड्ने पर्यटकलाई लक्षित गरेर सुविधा सम्पन्न होटल सञ्चालनमा ल्याएको बताइन् ।

करिडोरको बाटो सहज भएपछि विगतमा विकट भनेर आउन नचाहने कर्मचारी तथा शिक्षकहरू पनि गाउँमै बस्न थालेका छन् । अहिले बुलिङटारमा पक्की घरहरू धमाधम बन्न थालेका छन्।

घरघरमा पानीका धारा लैजाने कामलाई तीव्रता दिइएको छ । विगतमा विकट भएर गाउँ छाडेर अन्यत्र जानेहरु गाउँमा नै अडिन थालेका छन् ।

२०७४ सालदेखि गैँडाकोटमा 'गैँडाकोट खाजा घर' चलाउँदै आएका बुलिङटार १ का रामप्रसाद डिस्वा लुगेली मगरले २०८१ सालदेखि गाउँमा नै 'लेकाली ढिँडो एण्ड लज' सञ्चालनमा ल्याएका छन् ।

'विगतमा गाउँमा केही हुँदैन भनेर नै मैले गाउँ छाडेको थिएँ, तर सडक बनेर सहज भएपछि गाउँ फर्किएर लगानी गरेँ,' रामप्रसाद भन्छन्, 'पहिलाको भन्दा

बाँकी तेश्रो पेजमा

# तनहुँमा वन्यजन्तुबाट क्षति व्यहोरेकालाई रु सात लाख राहत वितरण

**भञ्ज्याङ समाचारदाता**/दमौली

डिभिजन वन कार्यालय तनहुँले चालु आर्थिक वर्षमा वन्यजन्तुबाट क्षति ब्यहोरेकालाई रु सात लाख नगद राहत वितरण गरेको छ । कार्यालयले वन्यजन्तुबाट भएको क्षतिको राहत निर्देशिका २०८० बमोजिम जनही रू सात लाख ३९ हजार ३७० राहत वितरण गरेको हो ।

बाँदर र भालुको आक्रमणबाट घाइते भएकालाई रू दुई लाख १८ हजार १२०, पशुधन क्षती ब्यहोरेकालाई रू ९८ हजार, बाँदरबाट कृषिबाली क्षति भएकालाई रू चार हजार २५०, पशुधन र कृषिबाली क्षति ब्यहोरेकालाई रू चार लाख १९ हजार राहत वितरण गरिएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले जानकारी दिए ।

रानाभाटले वन्यजन्तु र मानवबीचको द्वन्द्व चुनौतीका रूपमा देखिन थालेको उल्लेख गर्दै वन्यजन्तुको प्राकृतिक बासस्थान खुम्चिँदै जानु, जङ्गल आसपास मानव बस्ती विस्तार हुनु तथा खाद्यान्नको खोजीमा वन्यजन्तु बस्ती क्षेत्रमा प्रवेश गर्नु मुख्य कारण रहेको बताए ।

उनले वन्यजन्तुबाट क्षति ब्यहोरेका नागरिकले सम्बन्धित वडा कार्यालय, सामुदायिक वन उपभोक्ता समूह वा डिभिजन वन कार्यालयमा समयमै जानकारी गराउनुपर्ने व्यवस्था रहेको बताउनुभयो । तनहुँका व्यास, भानु, शुक्लागण्डकी, बन्दीपुर, घिरिङ, म्याग्दे तथा आँबुखैरेनी क्षेत्रका विभिन्न ग्रामीण बस्तीमा बाँदर र अन्य वन्यजन्तुका कारण कृषिबाली तथा पशुधनमा क्षति पुग्ने समस्या बर्सेनि दोहोरिने गरेको छ ।

वन्यजन्तुको आक्रमणबाट मरेका पशुहरु



www.bhanjyangnews.com

Email- bhanjyangdml@gmail.com

## सम्पादकीय ............

www.bhanjyangnews.com

# पूर्वतयारीले क्षति घट्छ

नेपालमा यस वर्षको मनसुन सुरू हुँदै छ । मनसुनसँगै वर्षा, बाढी, पहिरो, डुबान र चट्याङजस्ता प्राकृतिक विपद्का जोखिम पनि बढेका छन् । हरेक वर्ष वर्षायाममा सयौं परिवार विस्थापित हुने, सडक अवरूद्ध हुने, पुल बग्ने, खेतीयोग्य जमिन नष्ट हुने र कैयौं नागरिकले ज्यान गुमाउने दुःखद अवस्था दोहोरिने गरेको छ । यो केवल प्राकृतिक प्रक्रिया मात्र होइन, कमजोर पूर्वतयारी, अव्यवस्थित विकास र लापरबाहीको परिणाम पनि हो । त्यसैले मनसुनलाई भाग्यको खेल ठानेर बस्ने होइन, सम्भावित जोखिमलाई समयमै पहिचान गरी क्षति न्यूनीकरणतर्फ सबै तहले सक्रिय हुनुपर्ने बेला आएको छ । प्राकृतिक विपद्लाई पूर्ण रूपमा रोक्न सकिँदैन । तर, त्यसबाट हुने जनधनको क्षति भने प्रभावकारी योजना, सचेतना र समन्वयका माध्यमबाट उल्लेखनीय रूपमा घटाउन सकिन्छ । विडम्बना के छ भने हरेक वर्ष विपद् व्यवस्थापनका योजना, बैठक, अभ्यास र तयारीका समाचार सार्वजनिक हुन्छन्, तर वास्तविक विपत्तिको समयमा ती योजना कागजमै सीमित भएको अनुभूति नागरिकले गर्ने गरेका छन् । उद्धार सामग्री अभाव, राहत वितरणमा ढिलाइ, समन्वयको कमी र कमजोर व्यवस्थापनका कारण पीडितले थप दुःख भोग्नुपर्ने अवस्था अन्त्य हुन सकेको छैन ।

संघीय शासन व्यवस्थापछि संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार क्रियाशील छन् । यी सबै तहले विपद् जोखिम न्यूनीकरणका लागि कानुन, नीति र कार्ययोजना बनाएका छन् । तर योजना बनाउनु मात्र पर्याप्त हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन अझ महत्त्वपूर्ण हुन्छ । विपद् आउनुअघि जोखिमयुक्त बस्तीको पहिचान, सुरक्षित स्थानको व्यवस्था, उद्धार सामग्रीको भण्डारण, आवश्यक उपकरणको तयारी र जनशक्तिको परिचालन योजना स्पष्ट हुनुपर्छ । विपद् सुरू भएपछि हतारमा गरिने प्रयासले अपेक्षित परिणाम दिन सक्दैन । नेपालमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, रेडक्रस तथा विभिन्न स्वयंसेवी संस्थासँग विपद् व्यवस्थापनको अनुभव र क्षमता छ । उनीहरूको दक्षता र समर्पणको प्रशंसा गरिनुपर्छ । तर यस्ता निकायबीच समयमै समन्वय नहुँदा उद्धार र राहतमा ढिलाइ हुने समस्या देखिने गरेको छ । त्यसैले मनसुनको समयमा सबै निकायबीच पूर्वअभ्यास, सूचना आदानप्रदान र जिम्मेवारीको स्पष्ट बाँडफाँट आवश्यक छ । स्थानीय सरकार र समुदायबीच पनि निरन्तर सहकार्य हुनुपर्छ ।

विपद्को अर्को महत्त्वपूर्ण कारण मानव सिर्जित गतिविधि पनि हो । वातावरणीय प्रभावको उचित अध्ययन नगरी जथाभावी सडक खन्ने, नदी किनार र पहिरो जोखिमयुक्त क्षेत्रमा बस्ती विस्तार गर्ने, वन विनाश गर्ने र प्राकृतिक बहाव अवरूद्ध गर्ने प्रवृत्तिले विपद्लाई झन् भयावह बनाएको छ । पछिल्ला वर्षमा देखिएको डोजरमुखी विकास मोडलले पहाडका भिरालो भूभागलाई अस्थिर बनाएको छ । वर्षा हुनेबित्तिकै सडक भत्किने, पहिरो खस्ने र गाउँ जोखिममा पर्ने अवस्था यसैको परिणाम हो। विकास आवश्यक छ, तर दिगोपन र वातावरणीय सन्तुलनलाई बेवास्ता गरेर गरिने विकासले अन्ततः विनाश निम्त्याउँछ। स्थानीय तहले आफ्नो क्षेत्रभित्रको भू–उपयोग योजना, बस्ती विकास र निर्माण गतिविधिमा कडाइ गर्नुपर्ने आवश्यकता अझ बढेको छ । जोखिमयुक्त स्थानमा नयाँ बस्ती बस्न नदिने, नदी उकासिएका क्षेत्रमा अनियन्त्रित निर्माण रोक्ने र वातावरणीय मापदण्ड पालना गराउने दायित्व स्थानीय सरकारकै हो । यसमा लापरबाही हुँदा त्यसको मूल्य नागरिकले ज्यान र सम्पत्तिको क्षतिबाट चुकाउनुपर्छ।

विपद् व्यवस्थापन सरकारी निकायको मात्र जिम्मेवारी होइन । नागरिक पनि उत्तिकै सचेत र जिम्मेवार बन्नुपर्छ । मौसमसम्बन्धी सूचना नियमित रूपमा सुन्ने, जोखिमपूर्ण स्थानमा अनावश्यक आवतजावत नगर्ने, आपत्कालीन सामग्री तयारी अवस्थामा राख्ने र स्थानीय प्रशासनका निर्देशन पालना गर्ने बानीले ठूलो क्षति टार्न सक्छ । समुदायस्तरमा गठन गरिएका विपद् व्यवस्थापन समिति, युवा समूह र स्वयंसेवकलाई सक्रिय बनाउँदै टोलटोलमा उद्धार अभ्यास र जनचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । मनसुनको समयमा बाढीपहिरो मात्र चुनौती होइन, पानीजन्य तथा मौसमजन्य रोगको जोखिम पनि बढ्छ । दूषित पानी, सरसफाइको कमी र अस्वस्थ खानपानका कारण झाडापखाला, हैजा, डेंगु तथा अन्य संक्रामक रोग फैलिन सक्छन् । त्यसैले स्वच्छ पानीको प्रयोग, व्यक्तिगत सरसफाइ, फोहोर व्यवस्थापन र सुरक्षित खानपानबारे व्यापक जनचेतना फैलाउन स्थानीय सरकार र स्वास्थ्य निकायले विशेष अभियान सञ्चालन गर्नुपर्छ । विपद्को सामना गर्ने सबैभन्दा प्रभावकारी उपाय पूर्वतयारी नै हो । समयमै सचेत भए ठूलो दुर्घटनालाई सामान्य घटनामा सीमित गर्न सकिन्छ । त्यसैले मनसुन सुरू भइसकेको यस अवस्थामा सरकारले कागजी योजनाभन्दा व्यवहारिक तयारीमा जोड दिनुपर्छ, स्थानीय तहले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निभाउनुपर्छ र नागरिकले पनि आत्मसुरक्षालाई प्राथमिकता दिनुपर्छ । विपद् आएपछि पछुताउनुभन्दा पहिले नै तयारी गर्नु बुद्धिमानी हो । यही सोच र व्यवहारले मात्रै बर्सेनि दोहोरिने जनधनको क्षतिलाई कम गर्दै सुरक्षित र जिम्मेवार समाज निर्माण गर्न सकिन्छ ।

# परीक्षामा विद्यार्थी अनुत्तीर्ण हुँदा व्यक्ति असफल हुन्छ कि प्रणाली ?

नेपालको उच्चशिक्षामा संरचनागत सुधारको आवश्यकता छ, जसमा परीक्षा प्रणालीलाई सिकाइकेन्द्रित बनाउनुका साथै विषय शिक्षकलाई नै सम्पूर्ण शैक्षिक जिम्मेवारी दिनुपर्नेमा जोड दिइएको छ। नेपालको उच्चशिक्षा आज गम्भीर चुनौतीहरूको सामना गरिरहेको छ। एकातिर विद्यार्थीहरूको विदेश पलायन तीव्र गतिमा बढिरहेको छ भने अर्कोतिर विश्वविद्यालयहरूको शैक्षिक गुणस्तर, अनुसन्धान पूर्वाधार र विद्यार्थीहरूले हासिल गरेको सीपमाथि प्रश्न उठिरहेको छ ।

विश्वविद्यालयहरूमा विद्यार्थी भर्ना घट्दो क्रममा छ, अनुसन्धान तथा नवप्रवर्तन अपेक्षित स्तरमा विकास हुन सकेको छैन, र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी विश्वविद्यालय निर्माण गर्ने लक्ष्य अझै टाढाको विषय बनेको छ । यस्तो अवस्थामा काठमाडौं विश्वविद्यालयको स्कुल अफ इन्जिनियरिङले हालै सार्वजनिक गरेको नतिजाले नेपालको उच्चशिक्षाको वर्तमान अवस्था र भविष्यबारे नयाँ बहस आरम्भ गरेको छ । समाचार त्रिभुवन विश्वविद्यालय लगायत अन्य विश्वविद्यालयहरूबाट पनि समय–समयमा सार्वजनिक हुँदै आएका छन् । तर विडम्बना के छ भने हरेक पटक बहसको केन्द्र विद्यार्थीहरूको क्षमता र मेहनत बन्ने गरेको छ, जबकि शिक्षण पद्धति र परीक्षा प्रणालीमाथि प्रश्न उठ्ने गरेको छैन ।

शैक्षिक अनुसन्धानहरूले परीक्षा प्रणालीले विद्यार्थीको वास्तविक सिकाइ, सीप र बुझाइको निष्पक्ष तथा प्रभावकारी मूल्याङ्कन गर्नुपर्नेमा जोड दिएका छन्, तर वर्तमान अभ्यास र प्राप्त नतिजाहरूले त्यो उद्देश्य पूरा गरिरहेको देखिँदैन ।

नेपालका अधिकांश विश्वविद्यालयहरूले सेमेस्टर प्रणाली अवलम्बन गरेका छन् । यसको मूल उद्देश्य निरन्तर सिकाइ, नियमित मूल्याङ्कन र विद्यार्थीको सक्रिय सहभागिता सुनिश्चित गर्नु हो। तर व्यवहारमा हामी अझै वार्षिक परीक्षा प्रणालीकै मानसिकताबाट मुक्त हुन सकेका छैनौँ ।


धेरै विश्वविद्यालयहरूमा २५ देखि ५० प्रतिशतसम्म आन्तरिक मूल्याङ्कन गरिए पनि अन्तिम निर्णय केन्द्रीकृत परीक्षाले नै गर्छ । पढाइ सेमेस्टर प्रणालीमा हुने, तर मूल्याङ्कनको केन्द्रबिन्दु केन्द्रीकृत परीक्षा नै रहने अवस्था विद्यमान छ । यसले विद्यार्थीलाई विषयवस्तु बुझ्नुभन्दा परीक्षा उत्तीर्ण हुनतर्फ खिचेको देखिन्छ ।

खासगरी पछिल्ला दुई दशकमा विश्वभरका विश्वविद्यालयहरुमा पावरपोइन्टमा आधारित शिक्षण पद्धति व्यापक रूपमा विस्तार भएको छ । यसले विषयवस्तु व्यवस्थित र छिटो रूपमा प्रस्तुत गर्न सहज बनाएको भए पनि विभिन्न शैक्षिक अध्ययनहरूले द्रुत प्रस्तुतीकरणले विद्यार्थीको गहिरो बुझाइ, आलोचनात्मक सोच तथा कक्षाकोठाभित्रको अन्तरक्रियालाई प्रोत्साहन नगर्ने देखाएका छन् । कक्षाकोठा सेमिनार हलजस्ता बनेका छन् ।

पावरपोइन्टबाट तीव्र गतिको सिकाइ विद्यार्थीले आत्मसात् गर्न सक्दैनन् । सिकाइ प्रक्रिया वास्तवमा विश्लेषण र ज्ञानलाई व्यवहारमा प्रयोग गर्ने क्षमताको विकास पनि हो । सम्भवतः यसै कारणले विश्वका अग्रणी विश्वविद्यालयहरू– एमआईटी, हार्वर्ड, स्ट्यानफोर्डलगायतका धेरै प्राध्यापकहरूले आज पनि स्नातक तहमा चकबोर्ड वा ह्वाइटबोर्डमा आधारित अन्तरक्रियात्मक शिक्षणलाई महत्त्व दिने गरेका छन् ।

निरन्तर मूल्याङ्कन, क्विज, प्रस्तुतीकरण, अनुसन्धानमूलक कार्य तथा शिक्षक–विद्यार्थी अन्तरक्रियालाई सेमेस्टर प्रणालीको आधार मानिन्छ । तर नेपालका धेरै विश्वविद्यालयहरूमा यी पक्षहरु अझै कमजोर छन् । फलस्वरूप विद्यार्थीको समग्र सिकाइभन्दा अन्तिम परीक्षाको नतिजालाई अत्यधिक महत्त्व दिइन्छ । यसले घोकन्ते शिक्षालाई प्रोत्साहन गर्छ र विश्लेषणात्मक तथा सिर्जनात्मक क्षमताको विकासलाई सीमित बनाउँछ । अझ महत्त्वपूर्ण कुरा, शिक्षण प्रक्रियाको गुणस्तर सुधारका लागि विद्यार्थीबाट नियमित प्रतिपुष्टि (फिडब्याक) लिने संस्कार पनि स्थापित हुन सकेको छैन ।

नेपालको उच्चशिक्षाको मूल समस्या केवल मूल्याङ्कन विधिमा सीमित छैन; समस्या परीक्षा प्रणालीकै संरचनामा छ । आज पनि अधिकांश विश्वविद्यालयहरूमा परीक्षा ज्ञानको पुनरूत्पादन मापन गर्ने माध्यमका रूपमा प्रयोग भइरहेको छ । विद्यार्थीले विषयवस्तु कति गहिरोसँग बुझे, विश्लेषण गर्न सके, नयाँ सोच विकास




सूचना प्रविधि स्नातक (बीआईटी) प्रथम वर्षमा करिब ७४ प्रतिशत विद्यार्थी परीक्षामा अनुत्तीर्ण भएपछि सामाजिक सञ्जालदेखि शैक्षिक वृत्तसम्म एउटै प्रश्न उठ्न थालेको छ– विद्यार्थीहरु कमजोर भएका हुन् ? वा हाम्रो उच्चशिक्षा तथा परीक्षा प्रणाली नै समयानुकूल र प्रभावकारी हुन नसकेको हो ? सिभिल इन्जिनियरिङमा १२० जनामध्ये ६१ जना मात्र उत्तीर्ण हुनु र जियोमेटिक्स इन्जिनियरिङमा ६४ जनामध्ये २१ जना मात्र सफल हुनुजस्ता तथ्यहरूले पनि यही प्रश्नलाई थप गम्भीर बनाएका छन् ।

यदि अधिकांश विद्यार्थी अनुत्तीर्ण भइरहेका छन् भने त्यसलाई केवल 'विद्यार्थीहरूले पढेनन्' भनेर पन्छाउन मिल्दैन। यसरी ठुलो संख्यामा विद्यार्थी अनुत्तीर्ण भइरहेका छन् भने शिक्षण पद्धति र परीक्षा प्रणालीमाथि प्रश्न उठ्नु स्वाभाविक हो । स्मरणीय के छ भने काठमाडौं विश्वविद्यालयकै स्नातक तहको तेस्रो र चौथो वर्षमा प्रायः सबै उत्तीर्ण नै हुन्छन्, किनभने त्यहाँ सम्बन्धित विषय अध्यापन गर्ने शिक्षकले नै (अघोषित रूपमा) मूल्याङ्कन प्रक्रियाको मुख्य जिम्मेवारी वहन गरेको हुन्छ ।

वास्तवमा यो बहस केवल काठमाडौं विश्वविद्यालयसँग मात्र सीमित छैन । यो नेपालको समग्र उच्चशिक्षासँग जोडिएको साझा सरोकारको विषय हो। यस्तै प्रकृतिका गर्न सके वा वास्तविक समस्या समाधान गर्न सके भन्ने पक्षको परीक्षण हुँदैन ।

फलस्वरुप परीक्षा सिकाइको साधनभन्दा प्रमाणपत्र प्राप्त गर्ने औपचारिक प्रक्रिया बन्न पुगेको छ । त्यसैले अब परीक्षा प्रणालीलाई घोकन्ते शिक्षाको सूचकबाट विश्लेषणात्मक सोच, सिर्जनशीलता, अनुसन्धान क्षमता तथा व्यावसायिक दक्षताको मूल्याङ्कन गर्ने माध्यममा रूपान्तरण गर्न आवश्यक छ ।

विश्वका अधिकांश विश्वविद्यालयहरूमा कुनै विषय पढाउने प्राध्यापकले नै पाठ्यक्रम कार्यान्वयन, असाइनमेन्ट तथा परियोजनाको मूल्याङ्कन, क्विज, मध्यावधि तथा अन्तिम परीक्षा सञ्चालन र अन्तिम ग्रेड निर्धारणको जिम्मेवारी वहन गर्छन् । त्यसैले शिक्षक आफ्नो शिक्षणको नतिजाप्रति प्रत्यक्ष रूपमा उत्तरदायी हुन्छ ।

विद्यार्थीको उपलब्धि र शिक्षकको कार्यसम्पादनबीच स्पष्ट सम्बन्ध स्थापित हुन्छ । नेपालमा भने पढाउने शिक्षक, प्रश्नपत्र तयार गर्ने शिक्षक र उत्तरपुस्तिका मूल्याङ्कन गर्ने शिक्षक फरक–फरक हुने गरेका छन् । परिणामस्वरूप शिक्षण, मूल्याङ्कन र उत्तरदायित्वबीच दूरी सिर्जना भएको छ । विद्यार्थीको सफलता वा असफलताको अन्तिम जिम्मेवारी कसले लिने भन्ने प्रश्न अनुत्तरित रहन्छ ।

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
कार्यक्षेत्रमा जिम्मेवारी बढ्न सक्छ तर मेहनतअनुसार उपलब्धि पनि मिल्नेछ।खर्चमा संयम अपनाउनु उपयुक्त हुनेछ।

**वृष**
रोकिएका काम अघि बढ्ने सम्भावना छ। व्यापार र कृषिसम्बन्धी कार्यमा सकारात्मक संकेत देखिन्छ।

**मिथुन**
आज निर्णय गर्दा हतार नगर्नु राम्रो हुन्छ। अध्ययन, लेखन र बौद्धिक कार्यमा सफलता मिल्न सक्छ।

**कर्कट**
आर्थिक पक्ष क्रमशः सुदृढ बन्दै जाने संकेत छ। पुराना साथीहरूसँग भेटघाट हुन सक्छ।

**सिंह**
कामको व्यस्तताबीच पनि उपलब्धिमूलक दिन रहनेछ। नेतृत्व क्षमता प्रदर्शन गर्ने अवसर मिल्न सक्छ।

**कन्या**
मेहनतले राम्रो प्रतिफल दिने समय छ। नयाँ सीप सिक्ने वा व्यवसाय विस्तार गर्ने सोच सफल हुन सक्छ।

**तुला**
सामाजिक सम्बन्ध बलियो बन्नेछ। सहकार्यबाट लाभ मिल्ने योग छ। घरपरिवारमा खुसीको वातावरण बन्न सक्छ

**वृश्चिक**
आज धैर्य र संयमले सफलता दिलाउनेछ। लगानी वा आर्थिक कारोबार सोचविचार गरेर गर्नु राम्रो हुन्छ।

**धनु**
यात्रा वा नयाँ भेटघाटको सम्भावना छ। अध्ययन, शिक्षण तथा अनुसन्धानमा संलग्न व्यक्तिलाई लाभ मिल्न सक्छ।

**मकर**
आर्थिक व्यवस्थापन,रोकिएका काम पूरा हुने सम्भावना छ। व्यवसायमा नयाँ अवसर देखा पर्न सक्छ।

**कुम्भ**
मित्रजनसँग सहकार्य गर्दा राम्रो नतिजा प्राप्त हुन सक्छ। खर्च र आम्दानीबीच सन्तुलन कायम राख्नु आवश्यक छ।

**मीन**
धार्मिक वा सामाजिक कार्यमा सहभागी हुने अवसर मिल्न सक्छ। पुरानो प्रयासले आज फल दिन सक्छ।

# किन केही मानिसहरू लामखुट्टेका लागि 'चुम्बक' बन्छन् ?

रासस/एएफपी/पेरिस

केही मानिसलाई लामखुट्टेले बारम्बार टोक्ने, अरूलाई भने लगभग बेवास्ता गर्ने अनुभव केवल संयोग नभई, बरू शरीरबाट निस्कने गन्ध, सास र तापक्रमको जटिल रासायनिक संकेतहरूको परिणाम भएको वैज्ञानिकहरूले बताउन थालेका छन् । यस विषयमा हालका अनुसन्धानहरूले किन केही मानिसहरू लामखुट्टेका लागि बढी आकर्षक हुन्छन् भन्ने बुझाइलाई अझ स्पष्ट बनाउँदै लगेका छन् । फ्रान्सको इन्स्टिच्युट अफ रिसर्च फर डेभलपमेन्टका मेडिकल एन्टोमोलोजिस्ट फ्रेडरिक सिमार्डका अनुसार लामखुट्टेले सबै मानिसलाई समान रूपमा प्रतिक्रिया दिँदैनन् । उहाँले भन्नुभयो, "यो गलत धारणा होइन कि लामखुट्टे केही मानिसतर्फ बढी आकर्षित हुन्छ, तर सबै समय सबै मानिस चुम्बक हुँदैनन् ।"

वैज्ञानिकहरूका अनुसार लामखुट्टेले मुख्य रूपमा तीन प्रमुख सङ्केतमार्फत मानिसलाई छान्छन्– हामीले सास फेर्दा निस्कने कार्बन डाइअक्साइड, शरीरबाट आउने गन्ध र शरीरको तापक्रम तथा आर्द्रता । यी संकेतहरूलाई महिला लामखुट्टेहरूले अत्यन्त संवेदनशील रूपमा पहिचान गर्छन्, किनकि रगत चुस्ने कार्य केवल तिनीहरूले मात्र गर्छन् । स्विडेनका अनुसन्धानकर्ता रिकार्ड इग्नेलका अनुसार लामखुट्टेहरूले कार्बन डाइअक्साइडलाई सयौं वर्षदेखि पहिलो संकेतका रूपमा प्रयोग गर्दै आएका छन् । उहाँका अनुसार दर्जनौं मिटर टाढाबाटै लामखुट्टेले मानिसको सासको सङ्केत पत्ता लगाउन सक्छन् र नजिकिँदै जाँदा शरीरको गन्धसँग यसको प्रभाव अझ बढ्छ ।

करिब १० मिटरको दूरीमा पुगेपछि लामखुट्टेले शरीरबाट निस्कने गन्ध पहिचान



गर्न थाल्छन् । यसमा कार्बन डाइअक्साइडसँगै अन्य रासायनिक सङ्केतहरूको मिश्रणले उनीहरूलाई अझ आकर्षित बनाउँछ । अझ नजिकिँदा शरीरको तापक्रम र पसिनाको आर्द्रताले पनि आकर्षण बढाउने भूमिका खेल्छ । केही प्रचलित विश्वासहरू भने वैज्ञानिक रूपमा पुष्टि नभएको अनुसन्धानकर्ताहरूले स्पष्ट पारेका छन् । लामखुट्टेले निश्चित रगत समूहलाई रूचाउँछन् भन्ने दाबीको कुनै ठोस वैज्ञानिक आधार नभएको सिमार्डले बताउनुभयो । उहाँका अनुसार यस्ता निष्कर्षहरू सीमित अध्ययनमा आधारित छन् र पर्याप्त प्रमाण छैनन् ।

त्यस्तै, छाला, आँखाको रङ वा कपालको रङसँग लामखुट्टेको आकर्षणको कुनै सम्बन्ध नरहेको पनि वैज्ञानिकहरूले स्पष्ट पारेका छन् । यसको विपरीत, शरीरको गन्ध निर्धारण गर्ने सूक्ष्म जैविक तत्त्वहरू सबैभन्दा महत्त्वपूर्ण कारकका रूपमा देखिएका छन् ।

अनुसन्धानअनुसार मानव छालाबाट ३०० देखि एक हजारसम्म फरक गन्धयुक्त रासायनिक यौगिकहरू निस्किन्छन् । तीमध्ये केही यौगिकहरूको संयोजनले केही व्यक्तिहरूलाई लामखुट्टेका लागि विशेष रूपमा आकर्षक बनाउँछ । हालै इग्नेल नेतृत्वको अध्ययनमा एडीज इजिप्टी लामखुट्टे प्रयोगशालामा ४२ जना महिलामा परीक्षण गरिएको थियो । यस अध्ययनले लामखुट्टेले गन्धयुक्त यौगिकहरूको मिश्रण प्रयोग गरेर आफ्नो लक्ष्य छान्ने गरेको देखाएको थियो, जसमा एक हजार सम्भावित यौगिकमध्ये करिब २७ वटा पहिचान गरिएका छन् । विशेषगरी छालाको तेल सेबमको विघटनबाट बन्ने केही रसायनहरू लामखुट्टे आकर्षणसँग जोडिएका छन् । '१–अक्टेन–३–ओएल' अर्थात् 'मशरूम अल्कोहल' नामक यौगिकको सानो मात्राको परिवर्तनले पनि आकर्षणमा उल्लेखनीय फरक पार्ने देखिएको इग्नेलले बताउनुभयो ।

अनुसन्धानले गर्भवतीमा पनि लामखुट्टेको आकर्षण बढी हुने सङ्केत दिएको छ, जसको कारण शरीरमा हुने जैविक रासायनिक परिवर्तनहरू मानिन्छन् । वैज्ञानिकहरूका अनुसार यस्ता सूक्ष्म परिवर्तनहरूले लामखुट्टेको व्यवहारमा ठूलो प्रभाव पार्न सक्छ ।

जीवनशैलीसँग सम्बन्धित केही तत्त्वहरूले पनि लामखुट्टेको आकर्षण बढाउने देखिएको छ । बियर सेवन गर्दा शरीरको तापक्रम बढ्ने, सासमा कार्बन डाइअक्साइड बढ्ने र छालाको गन्ध परिवर्तन हुने भएकाले लामखुट्टे बढी आकर्षित हुने विभिन्न अध्ययनहरूले देखाएका छन् ।

बुर्किना फासोमा गरिएको परीक्षणमा बियर पिउने स्वयंसेवकहरूलाई लामखुट्टेले बढी आकर्षित गरेको थियो । त्यस्तै नेदरल्याान्ड्समा सन् २०२३ मा गरिएको अध्ययनमा बियर सेवन गरेका व्यक्तिहरूलाई लामखुट्टेले करिब १.३५ गुणा बढी आकर्षण देखाएको पाइएको थियो ।

जलवायु परिवर्तनका कारण लामखुट्टे फैलिने क्षेत्र विस्तार हुँदै जाँदा यस विषयको महत्त्व अझ बढ्दै गएको छ । विशेषगरी डेङ्गु, पहेँलो ज्वरो र चिकनगुनिया जस्ता रोग फैलाउने लामखुट्टे नयाँ क्षेत्रमा पुगिरहेका छन्, जसले सार्वजनिक स्वास्थ्य जोखिम बढाएको छ।

फ्रान्समा समेत पछिल्ला वर्षहरूमा चिकनगुनिया फैलाउने बाघ लामखुट्टे उत्तरतर्फ फैलिएको पाइएको छ, जसले वैज्ञानिक र स्वास्थ्य विज्ञहरूको ध्यान खिचेको छ ।

लामखुट्टेको टोकाइबाट जोगिनका लागि वैज्ञानिकहरूले ढिलो–ढाकिने कपडा लगाउने, लामखुट्टे जाली प्रयोग गर्ने र प्रभावकारी विकर्षक प्रयोग गर्ने सुझाव दिएका छन् । साथै, जीवनशैलीमा पनि ध्यान दिन–हल्का खाना खाने र मदिरा सेवन कम गर्न–उनीहरूले सल्लाह दिएका छन् ।

# परीक्षामा विद्यार्थी अनुत्तीर्ण .........

कतिपय विश्वविद्यालयहरूमा त एउटै पाठ्यक्रमसमेत धेरै शिक्षकहरूबीच बाँडेर पढाउने अभ्यास छ, जसले उत्तरदायित्वको भावना समाप्त गरेको देखिन्छ। परीक्षाफल प्रकाशनमा हुने ढिलासुस्तीको चर्चा गर्न आवश्यक छैन; यो समस्या सबैलाई परिचितै छ ।

नेपालको वर्तमान परीक्षाकेन्द्रित उच्चशिक्षा प्रणालीको ऐतिहासिक जरा ब्रिटिस औपनिवेशिक शिक्षा मोडेलसँग जोडिएको छ । भारतमा सन् १८५७ मा स्थापना भएका कलकत्ता, बम्बई र मद्रास विश्वविद्यालयहरु मूलत: परीक्षा सञ्चालन र प्रमाणपत्र वितरण गर्ने संस्थाका रूपमा स्थापित भएका थिए। शिक्षण कलेजहरूले गर्थे, तर परीक्षा र प्रमाणपत्र प्रदान गर्ने अधिकार विश्वविद्यालयसँग हुन्थ्यो। सीमित स्रोत र विशाल भूगोलको सन्दर्भमा त्यो मोडेल उपयुक्त थियो। तर कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रविधि र विश्वव्यापी प्रतिस्पर्धाको वर्तमान युगमा पनि विश्वविद्यालयहरूले यही केन्द्रीकृत परीक्षा प्रणालीलाई निरन्तरता दिनु पुनर्विचारको विषय बनेको छ । विश्वका अग्रणी विश्वविद्यालयहरु हार्वर्ड, एमआईटी, स्ट्यानफोर्ड लगायतमा विद्यार्थीको मूल्याङ्कन केवल अन्तिम परीक्षामा आधारित हुँदैन । कक्षा सहभागिता, असाइनमेन्ट, परियोजना, प्रस्तुतीकरण, विश्लेषण क्षमता, मध्यावधि परीक्षा तथा अन्तिम मूल्याङ्कनलाई समेटेर विद्यार्थीको समग्र सिकाइको मूल्याङ्कन गरिन्छ। विषय पढाउने प्राध्यापकले नै मूल्याङ्कन प्रक्रियाको नेतृत्व गर्ने भएकाले शिक्षण र मूल्याङ्कनबीच प्रत्यक्ष सम्बन्ध स्थापित हुन्छ, र विद्यार्थीको सिकाइप्रति जवाफदेहिता पनि स्पष्ट हुन्छ ।

अमेरिकी शैलीको सेमेस्टर प्रणालीको मुख्य विशेषता नै मूल्याङ्कनलाई परीक्षाकेन्द्रित नभई सिकाइकेन्द्रित बनाउनु हो । यस प्रणालीमा विद्यार्थीले कति तथ्य सम्झियो भन्नेभन्दा पनि उसले कति विश्लेषण गर्न सक्छ, कति सीप विकास गरेको छ, र ज्ञानलाई व्यवहारमा प्रयोग गर्न सक्छ कि सक्दैन भन्ने पक्षलाई बढी महत्त्व दिइन्छ। मूल्याङ्कनलाई सिकाइको अन्तिम परीक्षण होइन, सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा हेरिन्छ ।

उच्चशिक्षासम्बन्धी अनुसन्धानले पनि यही निष्कर्षलाई समर्थन गर्छ। जोन बिग्सद्वारा प्रतिपादित 'कन्स्ट्रक्टिभ अलाइनमेन्ट' सिद्धान्तले सिकाइका उद्देश्य, शिक्षण गतिविधि र मूल्याङ्कन विधिबीच स्पष्ट समन्वय हुनुपर्नेमा जोड दिएको छ । साडलरले प्रभावकारी मूल्याङ्कनका लागि स्पष्ट मापदण्ड र नियमित प्रतिपुष्टिको आवश्यकता औँल्याएका छन् ।

निकोल र म्याकफार्लेन–डिकले प्रतिपुष्टिलाई स्व–नियन्त्रित सिकाइको आधार मानेका छन् भने ह्याट्टी र टिम्परलीले सिकाइ सुधारमा प्रतिपुष्टिको निर्णायक भूमिका रहेको निष्कर्ष निकालेका छन् । यी सबै अध्ययनहरूले मूल्याङ्कनलाई केवल अंक दिने प्रक्रिया नभई सिकाइ सुधार गर्ने साधनका रूपमा हेर्नुपर्ने सन्देश दिन्छन् । विशेषगरी कृत्रिम बुद्धिमत्ता (एआई) को तीव्र विकासले परम्परागत परीक्षा प्रणालीका कमजोरीहरु झनै उजागर गर्दै लगेको छ । पढेको सम्झन सक्ने क्षमता मात्र मापन गर्ने परीक्षा अब पर्याप्त छैन । विश्वविद्यालयहरुले विश्लेषणात्मक सोच, सिर्जनशीलता, समस्या समाधान क्षमता, अनुसन्धान सीप तथा वास्तविक जीवनमा ज्ञान प्रयोग गर्ने क्षमताको मूल्याङ्कन गर्नुपर्ने आवश्यकता बढेको छ । त्यसका लागि परियोजनामूलक मूल्याङ्कन, प्रस्तुतीकरण, परीक्षा तथा 'अथेन्टिक एसेसमेन्ट' जस्ता विधिहरूलाई प्राथमिकता दिन आवश्यक छ ।

काठमाडौं विश्वविद्यालयको हालैको नतिजालाई केवल एउटा विश्वविद्यालय वा एउटा ब्याचका विद्यार्थीहरूको असफलताका रूपमा हेर्नु पर्याप्त हुँदैन । यो घटनालाई नेपालको उच्चशिक्षाभित्र विद्यमान संरचनागत कमजोरीहरूको संकेतका रूपमा बुझ्नुपर्छ ।

यदि अधिकांश विद्यार्थीहरूले अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सकिरहेका छैनन् भने त्यसको जिम्मेवारी केवल विद्यार्थीमाथि थोपर्न मिल्दैन । यसले शिक्षण पद्धति, मूल्याङ्कन प्रणाली, शैक्षिक उत्तरदायित्व र संस्थागत सुधारका प्रश्नहरूलाई एकसाथ उठाउँछ । त्यसैले अहिलेको बहस व्यक्तिगत असफलताको होइन, प्रणालीगत सुधारको बहस हुनुपर्छ ।

यदि नेपालले प्रतिस्पर्धी विश्वविद्यालय निर्माण गर्न चाहन्छ भने सबैभन्दा पहिले परीक्षा तथा मूल्याङ्कन प्रणालीमा संरचनागत सुधार गर्नुपर्छ । सुधारको पहिलो कदम केन्द्रीकृत परीक्षा प्रणालीलाई क्रमशः सिकाइकेन्द्रित प्रणालीमा रूपान्तरण गर्नु हो । कुनै विषय पढाउने प्राध्यापकलाई त्यस विषयको सम्पूर्ण शैक्षिक जिम्मेवारी दिनुपर्छ । पाठ्यक्रम कार्यान्वयन, असाइनमेन्ट, परियोजना, क्विज, मध्यावधि मूल्याङ्कन, अन्तिम परीक्षा तथा ग्रेड निर्धारणको जिम्मेवारी सम्बन्धित प्राध्यापकसँग हुनुपर्छ । विश्वविद्यालयको भूमिका गुणस्तर सुनिश्चित गर्ने मापदण्ड निर्माण, बाह्य अनुगमन तथा शैक्षिक उत्तरदायित्वको संरचना विकासमा केन्द्रित हुनुपर्छ । यस दृष्टिले हेर्दा परम्परागत परीक्षा नियन्त्रण कार्यालयको विशाल संरचनामाथि समेत पुनर्विचार आवश्यक देखिन्छ।

अबको बहस विद्यार्थी पास भए वा फेल भए भन्ने सीमित प्रश्नमा अडिनु हुँदैन । वास्तविक प्रश्न विद्यार्थीले वास्तवमा कति सिकिरहेका छन् र विश्वविद्यालयहरूले कस्ता स्नातक उत्पादन गरिरहेका छन् भन्ने हो।

विश्वविद्यालयको सफलता केवल उत्तीर्ण प्रतिशतले होइन; सिकाइको गुणस्तर, आलोचनात्मक चिन्तन, अनुसन्धान क्षमता, व्यावसायिक दक्षता तथा समाजमा योगदान दिन सक्ने स्नातक उत्पादन गर्ने क्षमताले मापन गरिनुपर्छ । परीक्षाकेन्द्रित विश्वविद्यालय मोडेलबाट सिकाइकेन्द्रित विश्वविद्यालय मोडेलतर्फको रूपान्तरण नै नेपालको उच्चशिक्षा सुधारको सबैभन्दा महत्त्वपूर्ण एजेन्डा हो । अब परीक्षा सुधार केवल शैक्षिक बहसको विषय होइन, राष्ट्रिय आवश्यकता बनिसकेको छ ।

रातोपाटीबाट


भञ्ज्याङ दैनिक पत्रिका नआएमा

फोन : ०६५–५६३९०७ मा सम्पर्क गर्नुहोला ।

www.bhanjyangnews.com

Email- bhanjyangdml@gmail.com








भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५–५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com



विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**असार ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**चैत्र ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**भण्डारणका लागि मकै सुकाउँदै :** तनहुँको शुक्लागण्डकी नगरपालिका-१० लोकदिटारका किसान खेतमा रोपेको मकै पाकेपछि घरमा ल्याई भण्डारका लागि सुकाउँदै । खेतको मकै खेती थन्काएसंगै किसानहरू असारे धान खेतीको रोपाई गर्छन् । *तस्विर : ध्रुवराज सुवेदी/भञ्ज्याङ*

# जनताको जीवन फेर्ने कालीगण्डकी ........

गाउँमा अहिले धेरै चहलपहल बढेको छ, नसोचेको ढंगले विकास भएको लाग्छ ।' पाल्पा रामपुरका चर्चित लोक गायक बद्री पंगेनी कालीगण्डकी करिडोर भएर यात्रा गर्दा आफूलाई निकै सहज भएको बताउँछन् । रामपुरबाट बुटवल झरेर नारायणगढ आउनुभन्दा करिडोरको बाटो भएर आउँदा १ सय किलोमिटर भन्दा बढी सडक छोटो पर्ने गायक पंगेनी बताउँछन्।

गैंडाकोट, बुलिङ्टार, डेढगाउँ, बौदिकाली, रामपुर, राम्दीघाट, रानीमहल, रूरू क्षेत्र हुँदै जान कालीगण्डकी करिडोरमा दैनिकजसो बसहरू चल्ने गरेका छन्। यो क्षेत्रमा दैनिक बसहरू चल्दा बुटवल हुँदै घुमेर जानुपर्ने यात्रुलाई आउजाउमा धेरै सहज भएको छ। तनहुँको भिमाद भएर पोखरा र दमौली आउन पनि सहज भएको छ ।

गायक पंगेनी करिडोर सञ्चालनले यो खण्डका पुराना बस्ती, ऐतिहासिक धार्मिक तथा प्राकृतिक सम्पदाहरूको उजागर, विभिन्न पर्यटकीय गतिविधि हुनुका साथै यस क्षेत्रका जनताको आर्थिक सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको स्मरण गर्दछन् ।

यो करिडोरले गण्डकी प्रदेश, लुम्बिनी प्रदेशका ६ जिल्ला पूर्वी नवलपरासी, पाल्पा, गुल्मी, बाग्लुङ, म्याग्दी र मुस्ताङ जिल्लाहरु प्रत्यक्ष रूपमा जोडेको छ । करिडोरले मध्यपहाडी राजमार्ग, मदनभण्डारी राजमार्ग, सिद्धार्थ राजमार्ग र महेन्द्र राजमार्गसँग जोडेको छ । करिडोरको लम्बाइ पूर्वी नवलपरासी गैंडाकोटदेखि मुस्ताङको कोरला नाकासम्म ४४२ किलोमिटर रहेको छ ।

करिडोरको पूर्वी नवलपरासी जिल्लामा ७८ किलोमिटर, पाल्पामा ८७ किलोमिटर, गुल्मीमा ३९ किलोमिटर भने बाग्लुङमा ३६ किलोमिटर गरी २४० किलोमिटर (तल्लोखण्डमा पर्दछ। माथिल्लो खण्ड (मालढुङ्गा-बेनी-जोमसोम-कोरला) २०२ किलोमिटर रहेको छ ।

**पालिका अध्यक्ष सुनारी भन्छन्- जीवन नै बदलियो**

बुलिङ्टार गाउँपालिकाका अध्यक्ष दीपेन्द्र सुनारीले कालीगण्डकी करिडोरले गाउँवासीको जिन्दगी नै कायापलट गरेको अनुभूति गर्दछन्। २०७९ सालमा भएको स्थानीय तहको निर्वाचनमा देशभरका गाउँपालिकामध्ये सबैभन्दा सानो उमेर २८ वर्षमा नै पालिका अध्यक्ष बनेका सुनारी अनकन्टार बुलिङ्टारमा उज्यालो दियो बनेर करिडोर आएको स्मरण गर्दछन् । उनी भन्छन्, 'कालीगण्डकी करिडोरले आफूसँगै उज्यालो ल्यायो, स्वास्थ्य, शिक्षा, खानेपानी, उद्यमशीलता, सहजता सबैथोक लिएर आयो ।'

उनी अध्यक्ष हुँदा बुलिङ्टारका सबै वडामा विद्युत पुगेको थिएन, खानेपानीको चरम अभाव मात्रै थिएन, फोन नलाग्ने समस्या पनि उत्तिकै थियो । सुनारी भन्छन्, 'सडक आएपछि हामीलाई राष्ट्रिय प्रसारणको विद्युत हरेक वडामा लैजान सहज भयो, खानेपानीका ट्याङ्कीहरू बने, नेपाल टेलिकमसँग समन्वय गरेर २ वटा टावर राख्ने काम भयो, अस्पताल भवन बन्यो, स्वास्थ्यकर्मीहरु, शिक्षकहरु बस्न थाले, यो सबैमा यही सडकको योगदान छ ।' सडक बनेपछि स्थानीयहरूमा चेतना बढ्नुका साथै आयआर्जनमा जोडिन थालेकोमा सुनारी खुसी व्यक्त गरे । विगतका ती काला अध्यारा दिनहरू अब कहिल्यै पनि नफर्किने विश्वास सुनारीले व्यक्त गरे । गाउँपालिकामा लगानीकर्ताहरू भित्रिन थालेकाले गाउँपालिकाले त्यसमा आवश्यक सहजीकरण पनि गरिरहेको सुनारी बताउँछन्। अनलाइनखबरबाट


कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिंचाईको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरूको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिकत कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं ।

खाद्यन्नको उत्पादन, वितरण, पहुँच र दिगोपन सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# किसानलाई अनुदान

भञ्ज्याङ समाचारदाता/दमौली

जिल्ला कृषि विकास कार्यालय, तनहुँले आँबुखैरेनी गाउँपालिका-६ घलडाँडाका कृषकलाई ९० प्रतिशत अनुदानमा विभिन्न कृषि सामग्री वितरण गरेको छ। कृषक समूहलाई सिँचाइ व्यवस्थापनमा सहजता ल्याउन पाँच हजार लिटर क्षमताको एक थान ठूलो हिल ट्याङ्की वितरण गरिएको छ । त्यसैगरी, समूहमा आबद्ध २२ जना कृषकलाई ५०० लिटर क्षमताका हिल ट्याङ्की, २० एमएम सिँचाइ पाइप, विभिन्न स्थानीय बालीका बीउबिजन, एग्रिकल्चर स्प्रेयरलगायत कृषि सामग्री प्रदान गरिएको हो ।

कृषकका उत्पादन वृद्धि, आधुनिक कृषि प्रविधिको विस्तार तथा व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने उद्देश्यले चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत उक्त कृषि सामग्री वितरण गरिएको हो ।

गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमानले कृषि क्षेत्रलाई आत्मनिर्भर अर्थतन्त्रको आधारका रूपमा विकास गर्न प्रदेश सरकारले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । जिल्ला कृषि विकास कार्यालयका प्रमुख परशुराम अधिकारीले कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायिकीकरण र उत्पादन वृद्धि मुख्य लक्ष्य रहेको बताउनुभयो । कृषकहरूलाई वितरण गरिएका सामग्रीले सिँचाइ व्यवस्थापनमा सुधार ल्याउनुका साथै उत्पादन लागत घटाउन र उत्पादन वृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## facebook twitter



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

**बसको भाडा**

यदाकदा सार्वजनिक यातायात प्रयोग गर्दछु। तीन जनासँगै थियौं। मैले बस चढ्ने अड्डि कसें। गन्तब्यमा पुग्न अर्को बस पनि चढ्न पर्ने थियो। लास्टमा हिसाब गर्दा त तीन जनाको बस भाडा झण्डै ट्याक्सीको भाडा जत्तिकै पुगेछ ।
अब तेलको भाउ घट्ने होला। सरकारले सार्वजनिक यातायातको भाडा घटाओस् । थोरै अनुदान दिंदा पनि हुन्छ ।



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

परराष्ट्र मन्त्री खनालको छिमेक भ्रमण एकातिरको ऐना सामु उभिएको कठोर र शब्दहिन मुस्कान भन्दा माथि उठ्न सकेको दखिएन र अर्को तिरको पनि मौन परिक्षणमै सिमीत हुने नै छनक छ। सरकारी दुतको भेट अस्वीकार र ब्रिटिस आमन्त्रण, एक चीन नीतिको मन्त्रोचारण तर झस्काउने टिओवी दृष्य जटिल बने जस्तो छ ।



**Ganesh Acharya**
x.com/theganeshlife

बेलायतले समेत १६ वर्ष मुनिका बालबालिकाका लागि सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने समाचार आएपछि अब आउनेछन् एकथरी जसले भन्नेछन्, "देख्यौ, सबैले बन्द गर्छन् । हाम्रोमा बन्द गर्न खोज्दा तिमीहरूले आन्दोलन गऱ्यौ ।"
जेको निबन्ध लेखे पनि २-४ लाइन पछि गाईको निबन्ध जोडेको जस्तै के ।

# गण्डकी बजेट : 'रिटर्न टु भिलेज'देखि 'इन्भेष्ट गण्डकी'सम्म

भञ्ज्याङ समाचारदाता/गण्डकी

'आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी'को दीर्घकालीन सोचसहित गण्डकी प्रदेश सरकारले लगानी, नवप्रवर्तन, उद्यमशीलता तथा औद्योगिकीकरणलाई प्रोत्साहन हुनेगरी सोमबार बजेट ल्याएको छ । गण्डकी प्रदेशसभाको सोमबारको बैठकमा आगामी आव २०८३/८४ को बजेट प्रस्तुत गर्दै आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले प्रदेशको आर्थिक-सामाजिक रूपान्तरणका लागि निजी क्षेत्रसँग हातेमालो गरिने बताउनुभयो । प्रदेशमा लगानी आकर्षित गरी आर्थिक विकास र रोजगारी सिर्जनाका लागि 'मेरो प्रदेशः मेरो दायित्व' र 'इन्भेष्ट गण्डकी'लाई अभियानकै रूपमा सञ्चालन गरिने उहाँको भनाइ छ । मन्त्री शेरचनले लगानीमैत्री वातवरण निर्माण गर्न नीतिगत, कानुनी तथा प्रक्रियागत सुधार गरिने बताउनुभयो ।

स्रोतसाधनको प्रचुरतासँगै अवसर र सम्भावनाले भरिएको गण्डकी प्रदेशलाई आत्मनिर्भर तथा समुन्नत बनाउने गरी बजेटका उद्देश्य र प्राथमिकता निर्धारण गरिएको मन्त्री शेरचनले बताउनुभयो । सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गर्दै उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिमा जोड दिइएको छ ।

पर्यटन र कृषिलाई प्राथमिकता दिइएको बजेटमा 'रिटर्न टु भिलेज', 'मनाङ, मुस्ताङको स्याउ, नवलपुरको धानः स्याङ्जाको सुन्तला, गण्डकीको सान', 'रैथाने बाली रोपौँ, स्वास्थ्य र पर्यावरण बचाऔँ' लगायत कार्यक्रममा बजेट विनियोजन गरिएको छ । युवालाई कृषि पेशामा आकर्षित गर्न 'रिटर्न टु भिलेज' अभियान सञ्चालन गरिने मन्त्री शेरचनले बताउनुभयो । ऋणमा ब्याज अनुदान, न्यूनतम समर्थन मूल्य कार्यान्वयन र व्यावसायिक कृषि प्रवर्द्धनका लागि रु चार करोड बजेट विनियोजन गरिएको छ ।

युवा जनशक्तिलाई लक्ष्य गरी 'प्रविधिमा जोडौँ, समुन्नतिमा जोडौँ'को अवधारणासहित पर्यटकीय राजधानी पोखरामा सूचना प्रविधि पार्क निर्माण गरिने बजेटमा उल्लेख छ । कुल रू ३२ अर्ब ९९ करोड करोड ९९ लाखको बजेट सार्वजनिक भएकामा सबैभन्दा बढी भौतिक पूर्वाधार विकास र यातायात क्षेत्रमा रु ११ अर्ब ९६ करोड विनियोजन गरिएको छ ।

ऊर्जा, जलस्रोत र खानेपानी क्षेत्रका लागि रु चार अर्ब ७७ करोड, स्वास्थ्यमा रु तीन अर्ब २१ करोड, सामाजिक विकास, युवा तथा खेलकुद क्षेत्रका लागि रु दुई अर्ब १६ करोड, वन तथा वातावरणमा एक अर्ब २१ करोड, उद्योग तथा पर्यटनमा दुई अर्ब, कृषि, भूमि व्यवस्था तथा सहकारी क्षेत्रका लागि रु दुई अर्ब बजेट विनियोजन गरिएको छ ।

चालुतर्फ रू १२ अर्ब ७२ करोड ३७ लाख ७८ हजार र पुँजीगततर्फ रू २० अर्ब दुई करोड ६१ लाख २२ हजारको बजेट सार्वजनिक गरिएको हो । जुन चालुतर्फ कुल विनियोजनको ३८.५६ र पुँजीगततर्फ ६०.६८ प्रतिशत हो । वित्तीय व्यवस्थातर्फ रू २५ करोड अर्थात् ०.७६ प्रतिशत बजेट विनियोजन गरिएको आर्थिक मामिलामन्त्री शेरचनले बताउनुभयो।

आगामी आवका लागि खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हने वित्तिय समानीकरणबाट रू सात अर्ब ८४ करोड ८२ लाख, राजस्व बाँडफाँटबाट रू १० अर्ब १६ करोड ४७ लाख ४८ हजार, रेयल्टी बाँडफाँटबाट रू ५१ करोड ४८ लाख, सशर्त अनुदानतर्फ रू तीन अर्ब ९३ करोड तीन लाख, समपूरक अनुदानतर्फ रू ५५ करोड ४६ लाख र विशेष अनुदानतर्फ रू ३९ करोड ५४ लाख प्राप्त हुने अनुमान गरिएको छ ।

यस्तै, प्रदेश सरकारको आन्तरिक राजस्व परिचालनबाट रू पाँच अर्ब ८४ करोड १८ लाख ५२ हजार प्राप्त हुने अनुमान गरिएको मन्त्री शेरचनले बताउनुभयो । चालु आवको वार्षिक कार्यक्रम कार्यान्वयनपश्चात् रू दुई अर्ब नगद मौज्दात रहने अनुमान गरिएको छ । यसरी न्यून हुने रकम रू एक अर्ब ७५ करोड आन्तरिक ऋण परिचालनबाट पूर्ति गरिने बताइएको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : व्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४